**मिति २०७९/०६/१२ गते सम्पन्न आ.व.२०७९/०८० को तेस्रो नगर कार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं. १** निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन ओसारपसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि,२०७९ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि,२०७९ माथि छलफल गरियो । यो कार्यविधिमा सम्बन्धित सरोकारवालाहरुसँग समेत छलफल गरी राय सुझाव सहित पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाको नगर प्रहरी ऐनको विधेयकको मस्यौदा तयार गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगर क्षेत्र भित्ररहेका संस्थागत, औद्योगिक र व्यवसायीक भवनको अभिलेखीकरणका लागि नगर कार्यपालिकाको कार्यालयबाट ६० दिने सूचना प्रकाशन गरी तोकिएको अवधि भित्र निवेदन दिने यस्ता संरचनाको प्रचलित कानून बमोजिम अभिलेखीकरणको कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५** मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम यस नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने लाभग्राहीहरुलाई नगरपालिकाको भैपरी आउने चालू र कर्मचारी तालिम शिर्षकमा विनियोजित रकमबाट सो कार्यविधि बमोजिम सुविधा पाउने विरामीलाई सुविधा उपलब्ध गराई सो को सोधभर्ना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६** नगर सभाबाट "लागत सहभागिता अन्तरगतका आयोजनाहरु" शिर्षकमा विनियोजित बजेटबाट नगरको ६० प्रतिशत र सम्बन्धित टोल/लाभग्राही समूहको ४० प्रतिशत (वडा नं. ३ र १८ का लागि २० प्रतिशत) लागत रहने गरी प्रति योजना अधिकतम लागत २५ लाख (संयुक्त) हुने गरी ३० दिनको समय दिई एक वडा एक योजना (सडक पीच) हुने गरी सिफारिस सहित प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्धन साझेदारी कार्यक्रममा"मानव वन्यजन्तु सम्बन्ध व्यवस्थापन कार्यक्रम" को प्रस्ताव सहित आवश्यक कागजात पेश गर्ने तथा नियमानुसार नगरपालिकको तर्फबाट लागत साझेदारी समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगर क्षेत्र भित्र अनुगमनको क्रममा कतिपय उद्योग,व्यवसायहरु नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेको पाईएकोले नगर क्षेत्र भित्र संचालन हुन चाहने सम्पूर्ण उद्योग व्यवसायहरुलाई प्रचलित कानून बमोजिम अन्य निकायबाट स्वीकृत/दर्ता हुनुको अतिरिक्त नगरपालिकामा समेत अनिवार्य रुपमा दर्ता हुनको लागि ६० दिनको समय दिई सूचना प्रकाशन गर्ने र सो कार्यमा आवश्यक सहजीकरणको लागि वडा कार्यालय र टोल विकास संस्थालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९** गैंडाकोट नगर कार्यपालिका कार्यालयमा पेश भई नगर प्रमुखस्तरीय निर्णयका आधारमा उपलब्ध गराईएको देहाय बमोजिमको आर्थिक सहायता समर्थन गर्ने निर्णय गरियो ।

क) गैंडाकोट-१ का पदम सापकोटा दुईवटै मृगौला फेल भई उपचारको लागि दिईएको रु. ५००००/- आर्थिक सहायता।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

उप-प्रमुख

प्रमुख

ख) गैंडाकोट वडा नं. १७ मा अस्थाई रुपमा बस्ने अस्मी पुलामीको घरमा आगालागी भई घरमा क्षति पुगेकोले सो को लागि तत्कालको राहत स्वरुप दिईएकोरु. ५००००/- आर्थिक सहायता।

**निर्णय नं. १०** प्रस्तावित नगर अस्पताल निर्माणको क्रममा स्थानान्तरण गरिएको गैंडाकोट नगरपालिका वडा नं. ११ मा निर्माणधिन बौद्ध गुम्बाको निर्माण कार्य अधुरो रही तत्काल बाँकी निर्माण कार्य नगराउदा संरचनाहरुमा थप क्षति पुग्ने देखिएकोले प्राविधिकहरुको लागत अनुमान अनुसार अधिकतम रु १० लाखसम्म नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी अत्यावश्यक निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** गैंडाकोट नगरपालिका वडा नं. १६ र १७ को संयुक्त वडा कार्यालय रहेको पुरानो भवन जीर्ण भई बर्षादको समयमा पानी चुहिने लगायतका समस्या रहेको र उक्त भवनबाट सेवा प्रभावमा असहजता भएकोले सो भवन मर्मतका लागि प्राविधिकहरुको लगत अनुमान अनुसार अधिकतम रु १० लाख सम्मको भवन मर्मत कार्य नगरपालिकाको आन्तरिक श्रोतबाटबाट खर्च व्यहोर्ने गरी अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२** नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी अन्य संस्था सहायता शिर्षकमा रु. १० लाख र बिविध खेलकुद प्रतियोगिता प्रोत्साहन र सहयोग शिर्षकमा रु. ५ लाख थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** गैंडाकोट नगर अस्पतालबाट प्रसुती सेवा तथा  दैनिक OPD सेवा र आकास्मिक लगायतका सेवाहरु चौविसै घण्टा सञ्चालन गर्नुपर्ने अवस्था रहेको र तत्काल भवनहरुको अभाव भएकाले बैकल्पिक व्यवस्था गरी सेवा प्रबाह गर्नका लागि नगरपालिकाको आन्तरिक स्रोतबाट रु. १० लाख विनियोजन गरी अत्यावश्यक निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** गैंडाकोट स्वास्थ्य चौकीमा रहेको विरामीको चाप र यस क्षेत्रको उच्च जनसंख्यालाई मध्यनजर गरी अस्पतालको रुपमा स्तरोन्नती गर्नु पर्ने देखिएकोले उक्त उक्त स्वास्थ्य चौकीलाई अस्पतालको रुपमा स्तरोउन्नती गर्न गण्डकी प्रदेश सरकार र संघीय सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयहरुमा सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. १५** गैंडाकोट नगरपालिकाको नगर अस्पतालमा विशेषज्ञ डक्टरबाट घुम्ति सेवा संचालनको लागि गण्डकी प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र भरतपुर अस्पताललाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६** नगर सभाबाट स्थान र कार्यक्रम निश्चित नभई एकमुष्ट रुपमा बजेट विनियोजन भएका शिर्षकबाट नगर प्रमुख तथा कार्यालयको निर्णयको आधारमा विभिन्न शिर्षकमा भएको विनियोजन खर्चलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७** संघीय सरकार अन्तरगतका तपशिल बमोजिमका कार्यालयहरुबाट ती कार्यालयहरुमा बजेट अभाव भएको कारणबाट देहायको प्रयोजनको लागि रकम माग भई आएकोले तपशिल बमोजिमको रकम सम्बन्धित कार्यालयबाट आवश्यक कागजात प्राप्त गरी अन्य संस्था सहायता शिर्षकबाटउपलब्ध गराउने ।

| रकम माग गर्ने निकाय | प्रयोजन | रकम |
|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | मिति २०७९/०३/३१ र ३२ गते होटल नारायणी रिसोर्ट गैंडाकोटमा सम्पन्न संघीय प्रणालीमा जिल्लाको विकास सन्दर्भमा तीनै तहको भूमिका विषयको अन्तरक्रिया तथा समन्वय बैठकको लागि भएको | रु.३१८८२/- |

रिजाल
अधिकृत

शान्ती कोइराला
उप-प्रमुख

भक्त अधिकारी
प्रमुख

| | | |
|---|---|---|
| | खर्च मध्ये गैंडाकोट नगरपालिकाबाट व्यहोर्ने खर्च। | |
| मालपोत कार्यालय | गैंडाकोट नगर क्षेत्र भित्रका लालपुर्जा लगायतको श्रेस्ता कागजपत्रको लिखत वाईन्डिगं तथा सामाग्री खरिद। | रु.१,४९,१६०/- |
| राष्ट्रिय भूमि आयोग जिल्ला समिति, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | राष्ट्रिय भूमि आयोग जिल्ला समितिको लागि आवश्यक फर्निचर खरिद गरिएको र सो को लागि समितिमा बजेट अभाव भएको। | रु.२,२६,०००/- |
| जिल्ला प्रहरी कार्यालय भरतपुर,चितवन | कार्यालयको लागि फर्निचर, कार्पेट, पर्दा लगायतका सामान खरिद गरिएको र सोको लागि कार्यालयमा बजेट अभाव भएको। | रु.१,९५,७१६/- |
| अस्थाई प्रहरी चौकी बेल्डिया गैंडाकोट | टेलिफोन, पानी, बिजुली, ईन्धन लगायतको कार्यालय सञ्चालन खर्चको लागि चौकीमा बजेट अभाव भएको। | रु.१,००,०००/- |

**निर्णय नं. १८** जनक नमुना विद्यालयको पूर्वाधार निर्माणको लागि स्वीकृत गुरुयोजनामा स्कुल क्यान्टीनको क्षमता वृद्धि र मञ्च निर्माणको लाग डिजाईन परिवर्तनको लागि स्वीकृती माग भई आए बमोजिम स्वीकृति प्रदान गर्ने निर्णय गरियो। साथै उक्त विद्यालयमा नयाँ भवनबाट तत्काल कक्षा संचालनको लागि स्कुल क्यान्टिन निर्माण गर्नु पर्ने भएको सो को लागि नगरपालिकाको आन्तरिक श्रोतबाट रु. १५ लाख विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.१९** गैंडाकोट नगर अस्पतालमा मिति २०७९/५/२१ गते संचालित वृहत निःशुल्क स्वास्थ्य शिविर संचालनको क्रममा भएको अस्पतालबाट सिफारिस भई आए बमोजिमको खर्च रु.१,९३,१६०/- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२०** गैंडाकोट नगरपालिका वडा नं. मा अवस्थित वडा नं १४-१७ को एकमात्र सामुदायिक कलेज श्री जनमुखी आदर्श कलेजको भौतिक संरचना निर्माण अत्यावश्यक भएको भनी वडा नं. १४, १५, १६ र १७ बाट सिफारिस भई आएकोले उक्त सामुदायिक कलेजको भौतिक पूर्वाधार निर्माणको लागि नगरपालिकाको आन्तरिक श्रोतबाट १० लाख विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. २१** गैंडाकोट नगर प्रज्ञा प्रतिष्ठान गठन सम्बन्धी विधेयक उपर बैठकमा छलफल गरियो। ऐन बमोजिम नगर प्रज्ञा प्रतिष्ठान गठन नभए सम्मको लागि देहाय बमोजिमको तदर्थ समिति गठन गरी नगर क्षेत्रको भाषा, कला संस्कृति संरक्षण र प्रबर्द्धन सम्बन्धी काम गर्ने गराउने निर्णय गरियो।

संयोजकः- श्री गोविन्दराज विनोदी

सदस्यः- श्री माधव प्रसाद चालिसे

सदस्यः- श्री रामहरि शर्मा

सदस्यः- श्री अमरविरही गुरुङ

सदस्यः- श्री राधा पाण्डे

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

कोइराला
उप-प्रमुख

अधिकारी
नगर प्रमुख

सदस्यः- श्री नविनभक्त अधिकारी

सदस्य सचिवः- श्री भीम प्रसाद शर्मा

**निर्णय नं. २२** नगर कार्यपालिकाको कार्यालयबाट व्यवस्थापन भएका तपशिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १३९ को उपनियम ३ बमोजिक देहाय बमोजिम म्याद थप गर्ने र उक्त समयभित्र कार्य सम्पन्न नगरेमा प्रचलित कानून बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने लगायतका आवश्यक कारवाही गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | नयाँ कार्य सम्पन्न गर्नु पर्ने म्याद |
|---|---|---|---|
| १ | 05/GM/NCB/2078-079 | Construction of Covered Hall at Regional Stadium at Gaindakot Municipality | 2079/07/30 |
| २ | 06/GM/NCB/2078-079 | Upgrading (Blacktopping) of Mayor Marga and NagartadiMarga Ward No. 6 and 14 | 2079/08/29 |
| ३ | 07/GM/NCB/2078-079 | Upgrading of Roads At Ward No. 6 and 15 | 2079/08/29 |
| ४ | 09/GM/NCB/2078-079 | Construction of Ward office of Gaindakot Municipality Ward No. 10, 11(Phase II) | 2079/07/30 |
| ५ | 10/GM/NCB/2078-079 | Upgrading of Roads At Ward No. 5, 8 and 16 | 2079/08/29 |

**निर्णय नं. २३** गैंडाकोट नगर क्षेत्र भित्र सञ्चालन हुने खेलकुदका कार्यक्रमहरुलाई व्यवस्थापन र एकीकृत गर्न नगर खेलकुद विकास समिति गठन गर्ने र सोको लागि आवश्यक कार्यविधि निर्माण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख